**नेपाल राष्ट्र बैंक**
बैंक तथा वित्तीय संस्था नियमन विभाग

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं ।**
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१०/०७८/७९ मिति: २०७८/११/११

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(९)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

# नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित/परिमार्जित/नयाँ थप व्यवस्था |
|---|---|---|---|
| १. | Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को e को 1 मा संशोधन ।* | • *Product criteria:* - The exposure takes the form of any of the following:<br>– Revolving credits and lines of credit, (including overdraft, hypothecation etc.)<br>– Term loans and leases (e.g. hire purchase, auto loans and leases, student and educational loans) and,<br>– Small business facilities and commitments,<br>– Deprived sector loans up to a threshold of Rs.10 million (Ten Million only) | • *Product criteria:* - The exposure takes the form of any of the following:<br>– Revolving credits and lines of credit, (including **business** overdraft, hypothecation etc.)<br>– Term loans and leases (e.g. hire purchase **(except personal)**, auto loans **(except personal)** and leases, student and educational loans) and,<br>– Small business facilities and commitments,<br>– Deprived sector loans up to a threshold of Rs.10 million (Ten Million only) |
| २. | Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को g को 1मा संशोधन ।* | Claims secured by commercial real estate<br>1. Claims secured by mortgages on commercial real estate, except past due, shall be risk-weighed at 100%. Commercial real estate hereby refers to mortgage of Office buildings, retail space, multi-purpose commercial premises, multi-family residential buildings, multi-tenanted commercial premises, industrial or warehouse space, hotels, land **acquisition, development** and construction etc. | Claims secured by commercial real estate<br>1. Claims secured by mortgages on commercial real estate, except past due, shall be risk-weighed at 100%. Commercial real estate hereby refers to mortgage of Office buildings, retail space, multi-purpose commercial premises, multi-family residential buildings, multi-tenanted commercial premises, industrial or warehouse space, hotels and construction etc. |
| ३. | Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को I मा रहेको High Risk Claims मा थप ।* | हाल नभएको । | **6. Personal Overdraft Loans shall attract risk weight of 150%**<br>**7. Personal Hire purchase/Personal Auto loans shall attract risk weight of 150%**<br>**8. Real Estate loans for land acquisition and development shall attract risk weight of 150%**<br>**9. Lending against shares shall attract risk weight of 150%** |

| | | | |
|---|---|---|---|
| ४. | Capital Adequacy Framework 2015 को घ को 3.3 को J मा रहेको को 1(h) को बिद्यमान व्यवस्था हटाई नयाँ व्यवस्था थप ।* | Lending against securities (bonds and shares) shall attract risk weight of 100% | **h. Trust Receipt Loans for Trading Firms shall attract risk weight of 120%** |
| ५. | इ.प्रा.निर्देशन नं. २ को बुँदा २९ मा संशोधन । | ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, **२०७६**, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, **2018** को पालना हुनेगरी इजाजतपत्र प्राप्त संस्थाले आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोही बमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(ग) Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, **2018** को अनुसूची ११ बमोजिमको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र सम्बन्धित सुपरिबेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ । | ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, **२०७७**, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, **2022** को पालना हुनेगरी इजाजतपत्र प्राप्त संस्थाले आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोही बमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(ग) Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, **2022** को अनुसूची ११ बमोजिमको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र सम्बन्धित सुपरिबेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ । |

| | | | |
|---|---|---|---|
| ६. | इ.प्रा.निर्देशन नं. ७ को बुँदा २ मा संशोधन। | **२. कर्जा नोक्सानी व्यवस्था**<br>निरीक्षण प्रतिवेदन मार्फत थप कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन प्राप्त भएमा चालु त्रैमासिक हिसाबमा थप कर्जा नोक्सानी व्यवस्था गरी सोको जानकारी यस बैंकमा दिनु पर्नेछ। | **२. कर्जा नोक्सानी व्यवस्था**<br>निरीक्षण प्रतिवेदन मार्फत थप कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन प्राप्त भएमा चालु त्रैमासिक हिसाबमा थप कर्जा नोक्सानी व्यवस्था गरी सोको जानकारी यस बैंकमा दिनु पर्नेछ। **तर, निर्देशन प्राप्त हुँदा बैंक तथा वित्तीय संस्थाको पछिल्लो त्रयमासीक र/वा वार्षिक वित्तीय विवरण प्रकाशन नभएको भएमा निर्देशन अनुसार नोक्सानी व्यवस्था गरेरमात्र वित्तीय विवरण प्रकाशन गर्नु पर्नेछ।** |
| ७. | इ.प्रा.निर्देशन नं. १० मा बुँदा १४ थप गरी क्रमसंख्या मिलान। | हाल नभएको । | **१४. कुनै एक बैंक वा वित्तीय संस्थाको एक प्रतिशत वा सो भन्दा बढी संस्थापक शेयर धारण गर्ने वा गरेका शेयरधनीले सो संस्था बाहेक अन्य कुनै बैंक वा वित्तीय संस्थाको जतिसुकै संस्थापक शेयर खरिद/बिक्री गर्नुपूर्व अनिवार्य रुपमा यस बैंकको स्वीकृति लिनु पर्नेछ।** |

<table>
<tr>
<td>८.</td>
<td>निर्देशन नं. १७ को बुँदा नं.१७ को उपबुँदा १ मा खण्ड घ र ङ थप गरी क्रमसंख्या मिलान गर्ने ।</td>
<td>
(१) न्यूनतम कर्जा प्रवाह :<br><br>
यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंकले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ :<br><br>
(क) २०८० असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>२०७८ असार मसान्त</td><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td></tr>
<tr><td>११ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table>
(ख) २०८१ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>२०७८ असार मसान्त</td><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td></tr>
<tr><td>६ प्रतिशत</td><td>७ प्रतिशत</td><td>९ प्रतिशत</td><td>१० प्रतिशत</td></tr>
</table>
(ग) २०८१ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमका कर्जा **तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत**) प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>२०७८ असार मसान्त</td><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td></tr>
<tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१४ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table>
**बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकता दिनु पर्नेछ ।**
</td>
<td>
(क)**२०८२** असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>**२०७९ असार मसान्त**</td><td>**२०८० असार मसान्त**</td><td>**२०८१ असार मसान्त**</td><td>**२०८२ असार मसान्त**</td></tr>
<tr><td>**१२ प्रतिशत**</td><td>**१३ प्रतिशत**</td><td>**१४ प्रतिशत**</td><td>**१५ प्रतिशत**</td></tr>
</table>
(ख)**२०८२** असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>**२०७९ असार मसान्त**</td><td>**२०८० असार मसान्त**</td><td>**२०८१ असार मसान्त**</td><td>**२०८२ असार मसान्त**</td></tr>
<tr><td>**६ प्रतिशत**</td><td>**७ प्रतिशत**</td><td>**८ प्रतिशत**</td><td>**१० प्रतिशत**</td></tr>
</table>
(ग) **२०८२** असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><td>**२०७९ असार मसान्त**</td><td>**२०८० असार मसान्त**</td><td>**२०८१ असार मसान्त**</td><td>**२०८२ असार मसान्त**</td></tr>
<tr><td>**११ प्रतिशत**</td><td>**१२ प्रतिशत**</td><td>**१३ प्रतिशत**</td><td>**१५ प्रतिशत**</td></tr>
</table>
बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकता दिनु पर्नेछ ।<br><br>
**(घ) कृषि क्षेत्रमा तोकिएको न्यूनतम प्रतिशत कर्जा प्रवाह गरेका वाणिज्य बैंकले तोकिएको अन्य क्षेत्रमा तोकिएको प्रतिशत बमोजिम कर्जा लगानी गर्न नसकेमा नपुग प्रतिशत रकम तोकिएका क्षेत्रअन्तर्गतका क्षेत्र मध्ये आफ्नो विशेषज्ञता भएको क्षेत्रमा थप लगानी गरी खण्ड (क), (ख) र (ग) मा तोकिएको कुल प्रतिशतमा गणना गर्न सक्नेछन् ।**
</td>
</tr>
</table>

# नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| | | | |
|---|---|---|---|
| ९. | इ.प्रा.निर्देशन नं. २० को बुँदा १० मा उपबुँदा (ग) थप । | नभएको | **(ग) इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी वित्तीय साक्षरता मार्गदर्शन, २०७८ लागू गरी मार्गदर्शनको अनुसूची ३ अनुसारको विवरण पेश गर्नुपर्नेछ ।** |
| १०. | इ.प्रा.निर्देशन नं. २१ को बुँदा ८ मा संशोधन । | बैंकदर सम्बन्धमाः<br>यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **५** प्रतिशत कायम गरिएको छ । | बैंकदर सम्बन्धमाः<br>यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **७** प्रतिशत कायम गरिएको छ । |
| ११. | इ.प्रा.निर्देशन नं. २१ को बुँदा ११(ख) मा संशोधन । | ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर **५** प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर **२** प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई **३.५** प्रतिशत कायम गरिएको छ । | ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर **७** प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर **४** प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई **५.५** प्रतिशत कायम गरिएको छ । |

***क्र.सं. १, २, ३ र ४ मा गरिएको संशोधन वि.सं. २०७९ असार देखि लागू हुनेछ ।**